मेरो देश मेरै उत्पादन

# CIM
## FACTS Newsletter
Issue 15, Sharwan 2079




021-515712
cim.biratnagar@gmail.com
Sahid Marg, Biratnagar-02

HAVELLS | USHA | MEX

SIEMENS Ingenuity for life | L&T SWITCHGEAR SAFE & SURE | ELECTRA ELECTRIC Enlightening Dreams

OBO BETTERMANN | Crabtree | wipro

A Member Of KTC Group

**Kailash Trading Company Pvt. Ltd.**

*The Electrical People...*

## Corporate Office

College Road, Biratnagar-9, Nepal

+ 977 21 572485 / 486 / 487

## Showroom

Himalaya Road, Biratnagar-9, Nepal

+ 977 21 578194 / 570299 / 515014

Email: info@kailashworld.com | www.kailashworld.com

# हाम्रो भनाई

अर्थतन्त्रका विभिन्न पक्षहरूको मापन, आर्थिक विकासका गतिविधिहरूको मूल्यांकन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनका साथै समष्टिगत आर्थिक सूचक एवं  तथ्याङ्कहरूका सम्बन्धमा अन्तर्राष्ट्रिय मुद्रा कोषले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्दै अर्थतन्त्रको सबल र दुर्वल पक्षको प्रक्षेपण गरी सुधारका लागि सुझाव प्रस्तुत गर्दै आएको छ ।

सन २०२२ मा दक्षिण एशियाली मुलुकहरुको आर्थिक वृद्धिमा सामान्य उत्तारचढाव हुने प्रक्षेपण सहितको प्रतिवेदन अन्तर्राष्ट्रिय मुद्रा कोषले सार्वजनिक गरेको थियो । उक्त प्रतिवेदनमा वंगलादेश, भुटान र नेपालको आर्थिक वृद्धिदर वढने र भारत, मल्दिभस, श्रीलंका, पाकिस्तानको आर्थिक वृद्धिदर घटने उल्लेख गरिएको थियो । सन २०२१ मा २.७ प्रतिशतले विस्तार भएको नेपालको अर्थतन्त्र २०२२ मा ४.१ प्रतिशतले वृद्धि हुने वताईएको छ । रसिया युक्रेनको युद्धका कारण पेट्रोलियम पदार्थ र खाद्य वस्तुको मूल्यमा भएको वृद्धिले विश्व मुद्रास्फीति वढेको छ । यस अवस्थामा नेपालको मुद्रास्फीति सन २०२१ मा ३.६ प्रतिशत रहेकोमा सन २०२२ मा २.२ प्रतिशत विन्दुले वढेर ५.८ प्रतिशत पुग्ने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषको छ ।

विगत केही वर्षको आर्थिक विकासका विभिन्न परिसूचकहरुको अध्ययन र विश्लेषण गर्दा सन्तोषजनक अवस्था छैन । आर्थिक विकासको मेरुदण्डका रुपमा रहेका औद्योगिक क्षेत्र आशातित रुपमा विस्तार हुन सकिरहेका छैनन भन्ने संकेत तथ्यांकहरुले स्पष्ट पार्दछ । विगतको कमी कमजोरीलाई सुधार गर्दै अवका दिनमा आर्थिक समृद्धि, औद्योगिक विकास र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सरकारको ध्यान केन्द्रित हुनुपर्दछ । त्यसका लागि नीतिगत संरचनामा समयसापेक्षा सुधार, लगानीका लागि प्राथमिक क्षेत्रहरुको पहिचान, लगानी सुरक्षाको प्रत्याभूति, राजनीतिक प्रतिवद्धता र स्थायीत्व वातावरण निर्माण, पूर्वाधार विकास, गुणस्तरीय उर्जाको निरन्तर उपलब्धता, आर्थिक कूटनीतिको सवलीकरणका साथै सरकार र नीजि क्षेत्र वीच विश्वास सहित  सहकार्यको वातावरण अविलम्व निर्माणमा यथेष्ट ध्यान दिनु पर्दछ ।



## Current Economic and Financial Situation of Nepal

Based on Eleven Months' Data Ending Mid-June, 2021/22

| | |
|---|---|
| **27.5%** Import Growth | **53.3%** Export Growth |
| **3.8%** Decrease in Remittance | **8.56%** CPI-based Inflation |
| **Rs.1035.61 Billion** Federal Government's Expenditure | **Rs. 269.81 Billion** Balance of Payment (Deficit) |
| **USD 9.45 Billion** Gross foreign exchang reserves | **Rs.942.13 Billion** Revenue Collection |

Source: Nepal Rastra Bank, July 11, 2022

# नेपालमा शीर्ष दश आयात

स्रोत: नेपाल सरकार, अर्थ मन्त्रालय तथा भन्सार विभाग
२०२२ को तथ्याङ्कका आधारमा



# निर्यात मूल्यको आधारमा नेपालबाट निर्यात हुने शीर्ष दश वस्तुहरु

स्रोत: नेपाल सरकार, अर्थ मन्त्रालय तथा भन्सार विभाग
२०२२ को तथ्याङ्कका आधारमा

### भटमासको तेल (कच्चा बाहेक)



| | |
|---|---|
| मात्रा (के.जी) | १९५,४०४,३९७ |
| निर्यात मूल्य (रु. हजारमा) | ४८,१२०,४३१ |

### अलैंची



| | |
|---|---|
| मात्रा (के.जी) | ५३६७४४३ |
| निर्यात मूल्य (रु. हजारमा) | ४८१३४६५ |

### गलैंचा, ऊन र अन्य



| | |
|---|---|
| मात्रा (वर्ग.मि) | ४९४,८६७ |
| निर्यात मूल्य (रु. हजारमा) | ९,५६७,७३० |

### फेल्टको धागो



| | |
|---|---|
| मात्रा (के.जी) | २०४७६२६ |
| निर्यात मूल्य (रु. हजारमा) | ४६८८०५४ |

### पाम तेल (कच्चा बाहेक)



| | |
|---|---|
| मात्रा (लिटर) | ७२,६०२,४६८ |
| निर्यात मूल्य (रु. हजारमा) | १५,३८९,३६९ |

### सूर्यमुखी बीउ र कुसुमको तेल



| | |
|---|---|
| मात्रा (के.जी) | २२४२७४८१ |
| निर्यात मूल्य (रु. हजारमा) | ४५१४५०२ |

### ब्लीच डिओडोराइज्ड पाम ओलिन



| | |
|---|---|
| मात्रा (लिटर) | ७०,०२५,०५० |
| निर्यात मूल्य (रु. हजारमा) | १५,२०८,२६९ |

### अन्य धागो ८५% पोलिएस्टर स्टेपल फाइबर कृत्रिम स्टेपल फाइबर



| | |
|---|---|
| मात्रा (के.जी) | १२६५२८२६ |
| निर्यात मूल्य (रु. हजारमा) | ४३६९९३४ |

### जुट र बेस फाइबर



| | |
|---|---|
| मात्रा (वर्ग.मि) | १११,६७५,८९९ |
| निर्यात मूल्य (रु. हजारमा) | ५,६६४,७७२ |


### जुसको मिश्रण, किण्वित



| | |
|---|---|
| मात्रा (के.जी) | ६१४५४८४९ |
| निर्यात मूल्य (रु. हजारमा) | ४४८६३७६ |


## पछिल्लो पाँच वर्षमा नेपालको कुल गार्हस्थ उत्पादन

स्रोतः विश्व बैंक
२०२२ को तथ्याङ्कका आधारमा




## ऋण प्रवाहको क्षेत्रगत अवस्था

स्रोतः नेपाल राष्ट्र बैंक
२०२२ को तथ्याङ्कका आधारमा



DOWNLOAD
OUR APP

About this app →

- View different facts about various domains.
- Contribute to different surveys.
- Earn reward points.
- More fun facts.


FOR MORE FUN FACTS
DOWNLOAD OUR APP
Download on the App Store
GET IT ON Google Play
SCAN QR CODE TO GET THE APP

FACTS RESEARCH & ANALYTICS
intelligence for informed choices
www.factsnepal.com

## पछिल्लो पाँच वर्षमा नेपालको मुद्रास्फीति

स्रोत: विश्व डाटा
२०२१ को तथ्याङ्कका आधारमा

| साल | मुद्रास्फीति दर |
|---|---|
| २०१७ | ३.६३% |
| २०१८ | ४.०६% |
| २०१९ | ५.५७% |
| २०२० | ५.०५% |
| २०२१ | ४.०९% |



## पुनरकर्जाको विवरण

स्रोत: नेपाल राष्ट्र बैंक
२०२२ को तथ्याङ्कका आधारमा

जुन २०२२ सम्म नेपाल राष्ट्र बैंकले सहुलियत दरमा प्रदान गर्दै आएको पुनरकर्जा रकम रु.११४ अर्ब ९७ करोड लगानीमा रहेको छ ।


# उद्योग विभागमा दर्ता भएका उद्योगको विवरण

स्रोत: उद्योग विभाग
हालसम्मको को तथ्याङ्का आधारमा

| प्रदेश | उद्योगको संख्या | कुल पुँजी (रु अर्बमा) | रोजगारी |
|---|---|---|---|
| प्रदेश १ | ८३२ | ५४७.८७ | ८३,८५५ |
| मधेश प्रदेश | ५९५ | १३४.२७ | ६०,४५७ |
| बागमती प्रदेश | ५,६९३ | ९१०.१४ | ३८२,२०७ |
| गण्डकी प्रदेश | ८०९ | ५५६.९३ | ५०,५२० |
| लुम्बिनी प्रदेश | ५१७ | १६५.४४ | ५२,४०६ |
| कर्णाली प्रदेश | ३९ | ११४.७५ | २,४५० |
| सुदूरपश्चिम प्रदेश | १२५ | ४३.९४ | ११,३३७ |
| कुल | ८,६१० | २४७४.१ | ६,४३,२३२ |

# प्रदेशगत उद्योगको क्षमता उपयोग (प्रतिशतमा)

स्रोत: स्रोत : उद्योग विभाग
२०७९ को तथ्याङ्का आधारमा




(कर्णाली प्रदेशका उद्योगहरु नमुना छनौटमा नपरेको हुंदा यस अध्ययनमा समावेश भएको छैन)

**उद्योग संगठन मोरङले संचालनमा ल्याएको स्टार्टअप एण्ड ईनोभेशन कार्यक्रम अन्तरगत पहिलो व्याचमा ग्राजुएट भएका स्टार्टअप उद्यमीहरु ।**

# ग्राहक पहिचान र बजार प्रवर्द्धन भएको छ ।

**तारादेवी अधिकारी**
**स्टार्टअप उद्यमी, उद्योग संगठन मोरङ**




परिवर्तनको प्रारम्भ आफैबाट गर्नुपर्छ अनिमात्र गाउँ, शहर र देश परिवर्तन हुन्छ भन्ने कुरालाई झापा वुधवारे ३ की तारादेवी अधिकारीले चरितार्थ पारेकी छन् । गाउँको हरियाली वातावरणमा जन्मे हुर्केको तारादेवीलाई पहिला देखि नै वातावरण मैत्री काम गर्ने ईच्छा थियो । जहा ईच्छा, त्यहा उपाय भने झै उनले सानै रुपमा भएपनि वातावरण मैत्री कपडाको झोला उत्पादन गर्ने उद्देश्यले शितला झोला उद्योग तथा तालिम केन्द्रको स्थापना गरिन । स्थानीय श्रोत र साधनको प्रयोग गरि उत्पादन गरेको उनको झोलाको ब्यापार आफनो गाउँ र आसपासका क्षेत्रमा मात्र सिमित थियो । आफनो उद्योगको उत्पादनलाई प्रदेश नं. १ को विभिन्न स्थानमा विक्रि गर्ने उनको चाहना भएतापनि व्यवसायलाई कसरी विस्तार गर्ने भन्ने विषयमा अन्यौलता थियो । यसैवीच उनले उद्योग संगठन मोरङले नवउद्यमीहरुको व्यवसायीक विकासका लागि स्टार्टअप एण्ड इनोभेशन कार्यक्रम प्रारम्भ गरेको जानकारी पाए लगतै सहभागि हुन आवेदन गरीन र छनौट् पनि भईन । उक्त कार्यक्रम अन्तर्गत १२ महिनाको अवधिमा उनले गुणस्तरीय उत्पादन, बजार विस्तारको रणनीतिक योजना तर्जुमा, डिजाइन, बजारीकरण रणनीति विकास, कर्पोरेट हाउस तथा ग्राहकसंग सम्वन्ध विस्तार, नयाँ स्किम योजना लगायतका विषयमा महत्वपूर्ण जानकारी लिन सफल भईन भने तालिम केन्द्र मार्फत दक्ष जनशक्ति उत्पादनलाई समेत समानान्तर रुपमा विस्तार गरिन ।

संगठन अन्तर्गतको कार्यक्रममा सहभागि तारादेवी अधिकारीले यस अवधिमा व्यवसायीक विकासका रणनीति तयार गर्दै आफनो उत्पादनलाई विभिन्न कर्पोरेट हाउस, विभिन्न स्कुल, नया बजारहरुमा विक्रि वितरण गरी गत ६ महिनामा १८ लाखको कारोवार गर्न सफल भएकी छन् भने आगामी वर्ष विक्री रकम थप वृद्धि गर्ने लक्ष्य लिएकी छन् ।

# व्यवसाय विकास र वस्तु विविधिकरणमा सहयोगी ।

**सुनिल दाहाल**
**स्टार्टअप उद्यमी, उद्योग संगठन मोरङ**



धैर्य, लगनशील र अथक परिश्रमीले मात्र सफलताको अपराजित यात्रा तय गर्दछ भन्ने भनाईको तात्विक अर्थ उर्लावारी निवासी सुनिल दाहालको जीवनसंग मेल खान्छ। पढाईसंग संगै आम्दानीको श्रोत जोहो गर्ने चाहना सुनिलमा सानै देखि थियो र त्यही चाहनाले सुनिललाई व्यवसायीक मौरीपालन तर्फ डोऱ्याउदै राजघाट मौरीपालन उद्योग स्थापना गर्न प्रेरणा दियो । व्यवसायको स्थापना भन्दा बजारको अभाव, अन्तर्राष्ट्रिय वस्तुसंग प्रतिष्पर्धा र असमान्य मुल्यबाट आजित सुनिल आफनो व्यवसायलाई निरन्तरता दिने वा नदिने सोचमा रहेको अवस्थामा उद्योग संगठनको स्टार्टअप कार्यक्रम संजिवनी वुटि सरह सावित भएको छ । स्टार्टअप कार्यक्रम अन्तर्गत आयोजना गरिएको वुट क्याम्पमा प्रदान गरिएको ज्ञान र शिपले उनको व्यवसायीक सोचमा नया सम्भावनाका आयामहरु थपेको छ भने हाट बजारका माध्यमबाट ग्राहकसंग प्रत्यक्ष सम्वन्ध विस्तार गर्ने अवसर प्रदान गरेको छ । संगठनको मेन्टरशिपमा रहेको अवधिमा वस्तुको विविधिकरण, गुणस्तरीयता कायम, आकर्षित प्याकेजिङ, ग्राहकसंग सम्वाद, उपलब्ध बजार र नयाँ बजारको खोजी जस्ता विषयमा जान्ने अवसर प्रप्त गर्छन र आफनो व्यवसायलाई नयाँ शिराबाट प्रारम्भ गर्ने निधो गर्दछन् ।

धैर्यताको फल मिठो हुन्छ भन्ने भनाईमा विश्वास गर्ने सुनिलले गत वर्ष १९ लाख ५० हजारको कारोवार गर्न सफल भएका छन् भने आगामी वर्ष २६ लाखको कारोवार गर्ने लक्ष्य लिएका छन् । ग्राहक मह किन्नका लागि उनकै उद्योगसम्म आउन थालेका छन् भने वस्तुको विविधिकरण गर्ने सोचका साथ आगामी दिनमा Pollen, Royal Jelly, Propolis जस्ता नया वस्तुहरु बजारमा ल्याउने तरखरमा छन् ।

# व्यापार कसरी गर्ने भन्ने ज्ञान प्राप्त भयो ।

**विकल्प न्यौपाने**
**स्टार्टअप उद्यमी, उद्योग संगठन मोरङ**



समुन्द्रको गहीराई नाप्न समुन्द्र मै पौडिनु पर्दछ, भन्ने भनाईलाई आत्मसात गरी विराटनगर निवासी विकल्प न्यौपानेले सानै उमेरमा व्यापार व्यवसाय हातहाल्ने उद्देश्यका साथ नीलगौरी प्याकेजिङ उद्योग स्थापना गरी ग्रामिण क्षेत्रका कृषक र शहरी क्षेत्रका ग्राहक वीच पुलको काम गर्ने निधो गरे । व्यवसायी पारिवारिक पृष्ठभूमि नभएका विकल्पलाई प्याकेजिङ उद्योग स्थापना गरी निरन्तर सचालन गर्नु पक्कैपनि सहज थिएन त्यसमाथि अस्वस्थ्य प्रतिष्पर्धा र खुला सिमानाका कारण दैनिक उपभोग्य वस्तुको सस्तो र सहज उपलब्धताले व्यवसायलाई थप चूनौति दिएको थियो । व्यापारका गुण र अवगुणहरुबाट अनभिज्ञ उनलाई व्यवसायीक विकासका विभिन्न पक्षहरुका सम्वन्धमा सिक्ने चाहना भएतापनि कहा र कस्ले भन्ने थाहा नभएको अवस्थामा संगठनको स्टार्टअप एण्ड इनोभेशन कार्यक्रममा छनौट भए । वाह्र महिनाको मेन्टरसिप तथा बिजनेश कोचिङमा रहेर उनले व्यवसायीक योजना तर्जुमा, मार्गदर्शन एवं परामर्श, अनुसन्धान र प्रयोगशाला परिक्षण सहजीकरण, सञ्जालीकरण, वित्तिय व्यवस्थापन, व्यवसायको चूनौति र अवसरको सदुपयोग लगायतका विषयमा सिक्ने अवसर प्राप्त गरे । यस अवधिमा सिकेका कुराले उनको आत्मविश्वासमा अभिवृद्धि भएको छ भने अवका दिनमा आफनो व्यवसायको प्रतिष्पर्धात्मक क्षमता वृद्धिगरी नयाँ सोचका साथ परिमार्जित तवरमा संचालन गर्ने उर्जा प्राप्त भएको छ ।

कृषकले आफनो उत्पादनको उचित मुल्य नपाईरहेको अवस्थामा कृषक र ग्राहक वीचको अन्तरसम्वन्ध विकास गर्ने अभिप्रायका साथ प्याकेजिङ उद्योग प्रारम्भ गरेका विकल्पले पछिल्लो ३ महिनामा मासिक ९० हजारको कारोवार गर्न सफल भएका छन् । ग्राहकको सन्तुष्टिलाई नै व्यापार विस्तारको मुलमन्त्रका रुपमा लिई उनले आगामी दिनमा पनिर, छुर्पि, गुन्द्रुक, चिज जस्ता वस्तुहरु थप गरी मासिक २ लाखको कारोवार गर्ने लक्ष्य लिएका छन् ।

# व्यवस्थापकिय गुणहरु सिक्ने अवसर प्राप्त भयो ।

**संदिप यादव**
**स्टार्टअप उद्यमी, उद्योग संगठन मोरङ**




कहिलेकाही समस्याले नै समाधानका बाटाहरु पहिल्याउछ भन्ने उक्ती संदिप यावदको व्यवसायीक जीवनसंग मेल खान्छ । कहिले विद्युत, कहिले टेजिभिजन, कहिले धारा लगायतय विभिन्न उपकरणहरु विग्री रहने घरमै आएर वनाईदिने मानिस खोज्न जहिले सास्ती भोग्नु पर्ने अवस्थाबाट पिडित संदिपलाई सबै प्रकारका मिस्त्रीहरु एकै स्थानमा जोडने वेवपेज र मोवाईल एप्लिकेशन निर्माण गर्ने आईडिया फुर्छ । आफनो आईडियालाई व्यवसायमा रुपान्तरण गर्ने अभिप्रायका साथ उनी वेवपेज र एप्स निर्माण गर्दछन् तर यसको दिगो संचालन, व्यवसायीक रुपान्तरण र आम्दानीको श्रोत कसरी वनाउने भन्ने कुरामा अन्यौलता छाईरहन्छ । यसैवीच उद्योग संगठन मोरङले नवप्रर्वद्धकहरुको आईडियालाई व्यवसायीक रुपान्तरणमा सहयोग पुऱ्याउन संचालनमा ल्याएको स्टार्टअप कार्यक्रममा सहभागी हुन सफल हुन्छन् र सोही कार्यक्रमको अवधिमा उनले व्यवसायको दिगो विकासका लागि आवश्यक व्यवस्थापकिय तत्वहरुको विभिन्न पक्षका वारेमा सिक्ने अवसर प्राप्त गर्दछन् । १ वर्षको मेन्टरशिप अवधिमा उनले वेवपेज प्रति सेवाग्राहीको विश्वशनियता अभिवृद्धि गर्ने उपाय, संजालीकरण, बजारीकरणका विषयमा जानकारी पाई रणनीतिक योजना तर्जुमा गरी भविष्यका लागि आकामक योजना वनाएका छन् ।

स्टार्टअप एण्ड इनोभेशन कार्यक्रम अन्तर्गत वुट क्याम्प, हाट बजारमा, ईनभेष्टर मिटमा सहभागि भएका संदिपले आफनो व्यवसायमा नयाँ सेवाग्राही र सेवा प्रदायकहरु जोडन सफल भएका छन् भने विभिन्न कम्पनीहरुको विज्ञापन डिस्प्ले गरी अर्थोपार्जन गर्न सफल भएका छन् ।

# मेरो व्यापार र ग्राहक समेत वृद्धि भएको छ ।

**विश्वजित पाल**
**स्टार्टअप उद्यमी, उद्योग संगठन मोरङ**




भनिन्छ आवश्यकता नै सिर्जनशिलताको जननी हो । नेपालका सबै वरफ, कुल्फी उत्पादन गर्ने उद्योगले विदेशी फर्मा आयात गरी उत्पादन गर्न वाध्य भएतापनि स्वदेशी उद्योगका लागि आवश्यक फर्मा उत्पादन गर्ने उद्योगहरु थिएनन । यही कुरालाई मध्नजर गरी विराटनगर ११ निवासी विश्वजित पालले विदेशी फर्मामा निर्भर रहेका वरफ र कुल्फी उत्पादन गर्ने स्वदेशी उद्योगका लागि फर्मा वनाउने अठोटका साथ विश्वजित फ्लाई सेन्टरको स्थापना गर्छन । तर स्थापनाको ३ वर्ष वितिसक्दा समेत आशातित रुपमा व्यापार फस्टाउन नसकीरहेको अवस्थामा एकदिन सामाजिक संजाल मार्फत उद्योग संगठन मोरङले प्रारम्भ गरेको स्टार्टअप एण्ड इनोभेशन कार्यक्रमका सम्वन्धमा थाहा पाई अनलाईनबाट आवेदन दिन्छन् र छनौट हुन सफल समेत हुन्छन् । उक्त कार्यक्रम अन्तर्गत एक वर्षसम्म संगठनको मेन्टरशिपमा रहेर व्यवसायीक योजना तर्जुमा, बजार विस्तार रणनीति, बजारीकरण, वस्तुको मूल्य निर्धारण, ग्राहकको पहिचान एवं पहुच स्थापना लगायतका विषयमा जान्ने अवसर प्राप्त गर्छन र नया उत्साहका साथ व्यवसायलाई परिमार्जित तवरमा संचालनमा ल्याउन सफल हुन्छन् ।

उद्योग संगठन मोरङको इन्क्यूवेशन सेन्टरको मेन्टरशिपमा रही परिमार्जित र परिस्कृत रुपमा व्यवसाय संचालन गरेका विश्वजितले गत तीन महिनाको अवधिमा २ सय थान फर्मा विक्रि गरी ३ लाख ५० हजार भन्दा वढीको कारोवार गर्न सफल भईसकेका छन् भने आगामी वर्ष १५ सय थान फर्मा वेच्ने लक्ष्य लिएका छन् ।

# स्टार्टअप एण्ड इनोभेशन कार्यक्रम अन्तरगत दोश्रो ब्याचको शुभारम्भ

उद्योग संगठन मोरङले नविन व्यवसायिक सोच बिचार तथा अवधारणा भएका यूवाहरुलाई उद्यमशिलतामा रुपान्तरणका लागि आवश्यक प्राविधिक एवं व्यवसायिक विकास सेवाहरु उपलब्ध गराउन उत्प्रेरकको भूमिका निर्वाह गर्ने उद्देश्यले गत वर्ष देखि प्रारम्भ गरेको स्टार्टअप एण्ड इनोभेशन कार्यक्रम अन्तरगत दोश्रो ब्याचको शुभारम्भ कार्यक्रम २०७९ श्रावण ११ गते सम्पन्न गरेको छ ।

बाह्र महिना अवधी रहने दोश्रो चरणको कार्यक्रममा प्रदेश नं १ भित्रका २० नविन व्यवसायीक अवधारणा भएका तथा स्तरोन्नतीको सम्भावना भएका बढिमा २ बर्ष अघि देखि सञ्चालनमा रहेका शुरुवाती अवस्थाका नविन उद्यमहरु सहभागि हुन सक्नेछन । युवा तथा महिला उद्यमीहरु, बैदेशिक रोजगारीबाट फर्केका युवाहरुको आइडियालाई बिशेष ग्राह्यता दिईने गरि प्राथमिकता निर्धारण गरिएको दोश्रो ब्याचका लागी २०७९ श्रावण ११ देखि भाद्र १० गते सम्म प्रस्ताव आब्हान गरिएको छ । कार्यक्रम कार्यान्वयनका लागी प्रदेश सरकार उद्योग श्रम तथा रोजगार मन्त्रालय, बिराटनगर महानगरपालिका, स्विस कन्ट्याक्ट, आसामान नेपाल, पूर्वाञ्चल विश्व विद्यालय, अन्तरप्रेरणा प्रा.ली, नबिल बैंक लिमिटेड, नेपाल युवा उद्यमी मञ्च लगायतका संस्थाहरुसंगको सहकार्य गरिएको छ ।



# वर्तमान आर्थिक संकट र आगामी मार्गचित्र विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न

अर्थतन्त्रमा देखिएको नकारात्मक प्रभावका साथै आन्तरिक र वाह्य उतार चढावले प्रभावित वन्दै गएको मुलुकको आर्थिक अवस्थाको सुदृढिकरणका लागि सरकारले नीतिगत रुपमा गर्नुपर्ने सम्वोधनका सम्बन्धमा उद्योग संगठन मोरङले २०७९ श्रावण १३ गते वर्तमान आर्थिक संकट र आगामी मार्गचित्र विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो ।

पुर्व रक्षा मन्त्री डा. मिनेन्द्र रिजाल र पूर्व अर्थमन्त्री डा.युवराज खतिवडा प्रमुख वत्ताका रुपमा रहनु भएको कार्यक्रममा कारोवार दैनिकका प्रधान सम्पादक कुवेर चालिसेले सहजीकरण गरी आर्थिक संकटको अवस्था, आर्थिक वर्ष २०७९/८० को वजेट र मौद्रिक नीति लगायतका विषयमा आधारित प्रश्नहरु राख्नु भएको थियो ।






CONTROL LUBRICANTS

TRIBUTE TO EXCELLENCE

# रु १,००,००,०००




## ग्यारेन्टी बीमा (प्रोडक्ट लाइबिलिटी इन्स्युरेन्स)

## गर्वका साथ नेपालमै पहिलो पटक

# विश्वस्त रहनुहोस्

हाम्रा उत्पादनहरूको गुणस्तरप्रति हामी पूर्ण विश्वस्त छौं । उत्कृष्टताप्रतिको हाम्रो प्रतिबद्धतालाई निरन्तरता दिँदै कन्ट्रोल लुब्रिकेन्ट्सले हिमालयन जनरल इन्स्योरेन्ससँग सहकार्य गरी 'ग्यारेन्टी बीमा'को घोषणा गरेको छ । हाम्रा लुब्रिकेन्ट्स प्रयोग गरिएका इन्जिन/उपकरण/पाटपुर्जाका लागि तपाईंले कुनै अतिरिक्त खर्च व्यहोर्नु नपर्ने गरी नेरु. १ करोडसम्मको ग्यारेन्टी बीमा गरिएको हुनाले ढुक्क भई हाम्रा लुब्रिकेन्ट्स प्रयोग गर्न जारी राख्नुहोस् ।

गुणस्तरीय तेल र लुब्रिकेन्ट्समार्फत तपाईंलाई पूर्ण रूपमा निर्धक्क बनाउने नेपालकै पहिलो कम्पनीको रूपमा हामी तपाईं र तपाईंका बहुमूल्य सवारी साधनहरूलाई हाम्रा उत्कृष्ट सेवा दिन प्रतिबद्ध छौं ।

नेपालमा यो ग्यारेन्टी बीमा निम्न उत्पादनहरूका लागि मान्य छ:
इम्पेरियम, सुपर पावर, SILK, ATF, एक्सट्रीम पावर, AXLE,
जेल ग्रीज, हाइड्रो AW 68/41W, अटो किंग, बाइकर च्वाइस

FUJIMA GROUP

युरोपेली तथा अमेरिकी एडिटिभहरूबाट तयार गरिएको

CONTROLLUBRICANTS.COM

गाडी बलियो इन्जिनले इन्जिन बलियो CONTROL ले